# नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## (विकास सहायता समन्वय शाखा)

**प.सं. २०७४/०७५ (विसस)** **चलानी संख्याः ४४८**

मिति २०७५/२/२७

विषयः परिपत्र ।

सवै स्थानीय तहहरु

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ वमोजिम स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको वैदेशिक भ्रमणसम्वन्धी नीति, कानून र मापदण्ड बनाउने जिम्मेवारी यस मन्त्रालयमा रहेको र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको वैदेशिक भ्रमणसम्वन्धी निर्देशिका/कार्यविधि तर्जुमाको चरणमा रहेकोले उक्त कार्यविधि स्वीकृत नहुञ्जेलसम्म स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुको बैदेशिक भ्रमणलाई व्यवस्थित र नियमित गर्न तपसिल बमजिमको परिपत्र गरिएको व्यहोरा नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७५/२/२७ को निर्णयानुसार अनुरोध छ।

तपसिल

१. विदेशी मुलुक, दातृ निकाय, अन्तराष्ट्रिय संघ संस्था र विश्वविद्यालयबाट सम्पूर्ण वित्तीय दायित्व व्यहोर्ने गरी अध्ययन, तालीम तथा अवलोकन-भ्रमणमा स्थानीय तहका पदाधिकारी र कर्मचारीहरुलाई आमन्त्रण भएको खण्डमा आयोजक मुलुक तथा निकायको औपचारिक आमन्त्रण संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने र कार्यक्रमको औचित्यता हेरी सहभागीहरुको मनोनयन मन्त्रालयले गर्ने।

२. नेपाल सरकार र दातृ निकायबीच सम्झौता भई दातृ निकायको सहायतमा सञ्चालित आयोजनासँग सम्बन्धित पदाधिकारी तथा कर्मचारीहरुलाई आयोजनाको प्राविधिक सहायता (Project-tied Technical Assistance) अन्तर्गत सम्बन्धित कार्यक्रमबाट सहभागीहरुको सम्पूर्ण खर्च व्यहोर्ने गरी आमन्त्रण भएको खण्डमा दातृ निकायले अर्थ मन्त्रालय मार्फत् सहभागीहरुको मनोनयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित स्थानीय तहहरुको सिफारिशमा मनोनयन गर्ने।

३. संघीय तथा प्रादेशिक मन्त्रालय एवं सो स्तरका निकायहरुले आफ्नो स्वीकृत बार्षिक कार्यक्रमभित्र रही स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई बैदेशिक भ्रमणमा समावेश गर्नुपर्ने अवस्थामा मनोनयनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्नुपर्ने।

४. नेपाल सरकार (प्रदेश तथा स्थानीय तह समेत) ले खर्च व्यहोर्ने गरी कुनैपनि स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरु बैदेशिक भ्रमणमा जान नपाइने।

५. अन्तराष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्थाले खर्च व्यहोर्ने गरी सामान्यतया स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरु बैदेशिक भ्रमणमा जान नपाइने। कार्यक्रमको औचित्यता हेरी जानुपर्ने अवस्थामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति लिएर मात्र जाने ।

लिलाराज काफ्ले
शाखा अधिकृत

**बोधार्थः**

श्री सूचना तथा प्रविधि शाखाः वेवसाईटम अपलोड गरिदिनु हुन।